# सुस्ता गाउँपालिका खेलकुद विकास समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/८/२५

**प्रस्तावना**

सुस्ता गाउँपालिका क्षेत्र भित्र रहेका युवाहरुको खेल क्षेत्रंका विभिन्न विधामा क्षमता विकास गरी खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गाउँपालिकाको पहिचान गर्न/गराउन वाञ्छनीय भएकोले सुस्ता गाउँपालिकाको प्रशासकीय कार्यविधि ,ऐन (नियमित गर्ने) २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ।

## परिच्छेद -१
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः–** यस कार्यविधिको नाम सुस्ता गाउँपालिका खेलकुद विकास समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि,२०८० रहको छ। सो यो कार्यविधि सुस्ता गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले सुस्ता गाउँपालिका खेलकुद विकास समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि,२०८० भन्ने सम्झनु पर्दछ।

(ग) "गाउँपालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिम गठित गाउँपालिका खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ।

(घ) "टिम, क्लब, संघ, संस्था" भन्नाले सुस्ता गाउँपालिकामा कार्यक्षेत्र भएका नियमानुसार दर्ता भएका सुस्ता गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब, संघ/संस्थाहरु भन्ने सम्झनु पर्छ।

(ङ) "खेलाडी" भन्नाले टिम, क्लब, संघ/संस्थाहरु संग सम्वद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

(च) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिका खेलकुद विकास समितिद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ/संस्थामा सम्वद्ध सिकाख खेलाडी भन्ने सम्झनु पर्छ।

(छ) "प्रशिक्षक" भन्नाले सुस्ता गाउँपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षणमा सहभागी प्रक्रिया, टिम, क्लब, संघ/संस्था खेल प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ।

(ज) "खेलाडी विवरण" भन्नाले टिम, क्लब, संघ/संस्थाहरुले आफ्नो टिम, क्लब, संघ/संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष गाउँपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ।

(झ) "गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिकालाई सम्झनु पर्छ।

(ञ) "गाउँकार्यपालिका" भन्नाले सुस्ता गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले सुस्ता गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुस्ता गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।



CamScanner

(ड) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्वद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ।

## परिच्छेद –२

## उद्देश्य

३. गाउँपालिका खेलकुद विकास समितिका उद्देश्यहरुः–

(क) गाउँपालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्‍याउने।

(ख) गाउँपालिका खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका वीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने।

(ग) स्वस्थ्य प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने।

(घ) टोल, गल्ली चोक र सडक आदिलाई स्वच्छ र सफा गर्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने।

(ल) खेलकुदको माध्यमबाट गाउँपालिकावासी नागरिकहरुलाई सचेत गराउने।

(च) खेलकुदमा महिला सहभागीता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने।

(छ) खेलकुद विकासको निम्ति भौतिक, पूर्वाधार तयार गर्न विभिन्न सामाजिक संघ/संस्था विद्यालय र सरकारी निकायहरुलाई सरिक गराउने।

(ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने।



CamScanner

(झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरुलाई समेत शारीरिक व्यायम संघ, खेलकुद व्यवस्था गर्न सहयोग पुर्‍याउने।

(ञ) सुस्ता गाउँपालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत राष्ट्रको प्रतिष्ठा बढाउने।

(ट) टिम, क्लव, संघ/संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने।

(ठ) गाउँपालिका अन्तर्गत शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने।

(ड) गाउँपालिका खेलकुद विज्ञ समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने।

## परिच्छेद –३

## गाउँपालिका खेलकुद विकास समितिको गठन र वैठक कार्यक्रम

४. खेलकुदको क्षेत्रमा क्रियाशील र ख्याति प्राप्त व्यक्ति मध्येबाट गाउँकार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा एक गाउँपालिका खेलकुद विकास समिति गठन गर्ने छ।

(क) गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति – अध्यक्ष

(ख) गाउँपालिका अध्यक्षले तोकेको ३ जना महिला सहित ७ जना –सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको सहायकस्तर पाचौं तहको कर्मचारी मध्ये १ जना – सदस्य सचिव

(घ) बुँदा नं(ख) मा उल्लेखित सदस्यहरु मध्येबाट गाउँपालिका खेलकुद विकास समितिले १ जना महिला रहने गरी उपाध्यक्ष र कोषाध्यक्ष मनोनित गर्नुपर्ने छ।

५. गाउँपालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ।

६. अध्यक्षले कुनै कारणले पदबाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनुपर्ने छ।

७. पदावधि बाँकी हुँदै कुनै कारणबाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ति भएको हो सो पदमा बाँकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुने छ ।

८. समितिका कुनै सदस्यको कार्य सम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँकार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन वा फिर्ता बोलाउन सक्नेछ । साथै रिक्त भएको पदमा बाँकी अवधिका लागि हटाएको वा फिर्ता वोलाएको पदाधिकारी वा सदस्य जुन प्रकारले नियुक्ति भएको हो पुनः पदाधिकारी वा सदस्य सोही प्रक्रियाले नयाँ नियुक्त गर्न सक्ने छ ।

९. खेलकुद विकास समितिको पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्ने छ ।

(क) अध्यक्षको हकमा २१ वर्ष र अन्य सदस्य १८ वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) गाउँपालिका क्षेत्रभित्रको स्थानीय वासिन्दा (सदस्य सचिव वाहेक) भएको।

(ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको।

(घ) खेलकुद सम्बन्धी नियमहरुको जानकारी भएको,

(ङ) प्रचलित कानुनले अयोग्य नभएको।

१०. अध्यक्षको काम,कर्तव्य र अधिकार

(क) गाउँपालिका खेलकुद समितिको वैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुने छ ।

(ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने गराउने।

(ग) स्थानीय तह/जिल्ला/प्रदेश/राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनीधित्व गर्ने।

(घ) गाउँपालिका खेलकुद विकास समितिको बैठक वस्न नसकेको अवस्थामा गाउँपालिकमा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने गराउने।

११. उपाध्यक्षको काम,कर्तव्य र अधिकार

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने, बैठक संचालन गर्ने।

१२. कोषाध्यक्षको काम,कर्तव्य र अधिकार

(क) गाउँपालिका खेलकुद विकास समिति अन्तर्गतको सम्पूर्ण आर्थिक कारोबार चुस्त दुखस्त राख्ने।

१३. सदस्य सचिवको काम,कर्तव्य र अधिकार ।

(क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने।

(ख) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने।

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने।

(घ) निर्णयानुसार कोषको खर्च खाता संचालन गर्ने।



CamScanner

(ङ) बैठक पत्राचार गर्ने अभिलेख राख्ने,निर्णय कितावको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार वैठकको लागि आवश्यक विषय सुची र सामाग्री जुटाउने।

(च) बैठक संचालन सम्वन्धि आवश्यक काम गर्ने।

(छ) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने।

१४ **सदस्यहरुको काम,कर्तव्य र अधिकार ।**

(क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने।

(ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने।

(ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम, क्लव संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठीमा गाउँ खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने।

(घ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने।

१५. **समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) समग्र खेलकुद क्षेत्रको योजनावद्ध विकास र सम्वर्द्धन गर्ने।

(ख) गाउँपालिका, नेपाल सरकार तथा अन्य संघ संस्थासंग समन्वय र सहकार्य गर्ने।

(ग) सम्वद्ध कार्यका लागि वार्षिक योजना तयार गरी गाउँसभाको वैठक अगाडी अध्यक्ष समक्ष पेश गर्ने।

(घ) गाउँपालिका वा गाउँसभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

## परिच्छेद –४

## खेलकुद प्रतियोगिता व्यवस्थापन



CamScanner

१६. गाउँपालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम,क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ।

१७. गाउँपालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिका भित्रका टिम,क्लवहरु मार्फत स्थानीय प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टिमसँग मैत्रिपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने गराउने।

१८. **सल्लाहकार समितिको गठनः**

(क) गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकाका अध्यक्षसंगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्ने छ।

१९. **अन्य उपसमितिहरुको गठनः** गाउँपालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

२०. **वडा स्तरीय खेलकुद समिति गठन गर्नेः** गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिका भित्रका सवै वडाहरुमा खेलकुद विकास गर्नका लागि सम्वन्धित वडा भित्रका व्यक्ति तथा माथ्यामिक विद्यालयहरुवाट प्रतिनीधित्व रहने गरी ७ सदस्यिय वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्ने छ।

## परिच्छेद –५

## गाउँपालिका क्षेत्रभित्रका टिम,क्लव र संघ/संस्थाहरुको दर्ता र व्यवस्थापन

२१. सुस्ता गाउँपालिका भित्रको टिम, क्लब, समिति र संस्था आदिले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्य नीति नियमलाई पालनागरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेको दस्तुर तिरी दर्ता पनि गर्नु पर्ने छ ।



CamScanner

२२. दर्ता भएका टिम,क्लव, समिति, संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी गाउँपालिका खेलकुद विकास समितिवाट स्वीकृत लिनु पर्नेछ। स्वीकृतीको प्रक्रिया गाउँपालिका खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ।

२३.दर्ता पूर्ब गाउँपालिका खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनीधिद्धारा सम्वन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ।

२४. गाउँपालिकामा दर्ता भई गाउँपालिका खेलकुद समितिवाट स्वीकृत लिएका टिम,क्लब संघ/संस्थाहरुले गाउँपालिका खेलकुद विकास समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेमा आयोजक समितिलाई गाउँपालिका अध्यक्षको निर्णयमा देहाय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(क) वडाव्यापी प्रतियोगिताको लागि वर्षमा १ पटकमा रु.५०००।— देखि २००००।— सम्म ।

(ख) गाउँपालिकाव्यापी प्रतियोगिताको लागि वर्षमा १ पटकमा रु.१००००।-देखि ५००००।-सम्म ।

(ग) जिल्लाव्यापी प्रतियोगिताको लागि वर्षमा १ पटकमा रु.१५०००।-देखि ७५०००।-सम्म ।

(घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि वर्षमा १ पटकमा रु.२००००।-देखि १०००००।-सम्म ।

(ल) गाउँपालिकाको परिचय तथा कला संस्कृतिमा विशेष योगदान पुर्‍याउने प्रतियोगिताहरुको सम्वन्धमा माथि उल्लेखित भन्दा वढी रकम आवश्यक पर्ने भएमा कार्यपालिकाले निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद –६

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

२५. गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकासंगको परामर्शमा देहाय बमोजिका कार्यक्रमहरु संचालन गर्न सक्ने छ।

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक, टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

(ख) खेलकुद विकासको लागि सम्मेलन गोष्ठि गर्ने वा गराउन सक्ने छ।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा वधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

(घ) गाउँपालिकाको कला संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम क्लब संघ/संस्थाका प्रतिनीधिहरुको र्याली वा बैठक वोलाउन सक्नेछ।

(ङ) गाउँपालिका क्षेत्रभित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्ने छ।

## परिच्छेद –७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२६. अन्तर गाउँपालिका लगायत विभिन्न प्रदेश,राष्ट्रिय,अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लव, संघ/संस्था वा विद्यालय,कलेजलाई सहभागी गराईनेछ।



CamScanner

२७. खेलकुद समितिले निर्णय गरे बमोजिम गाउँपालिका, क्षेत्र भन्दा वाहिर सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकालाई निम्नानुसार सुविधा प्रदान गरिने छ।

(क) प्रतियोगितामा भाग लिन जादाँ खाना, वस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराईने छ। खान वस्नको लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्छ। गाउँपालिका भन्दा वाहिर जाँदा खाना र वस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु.१०००।- भन्दा नवढ्ने गरी खर्च गर्नु पर्ने छ।

(ख) प्रतियोगिता खेल अवधिभर वढिमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु.५००।-का दरले प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई वढीमा वार्षिक रु.३०००।-सम्मको सुविधा लिन सक्ने छ।

२८. गाउँपालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिंदा खाना, वस्न प्रतिव्यक्ति प्रतिदिन रु.८००।- मा नवढ्ने गरी निर्णय गरे बमोजिम हुने छ ।

२९. गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतले गाउँपालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकहरुको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद —८

## तालिम तथा प्रशिक्षक व्यवस्थापन

३०. गाउँपालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरबृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ।



CamScanner

३१. प्रशिक्षार्थिहरुको प्रशिक्षणमा समावेश हुन चाहेमा सम्वन्धित वडाको सिफारिस सहित गाउँपालिका खेलकुद विकास समितिमा निर्णय फाराम बुझाई आवेदन दिनु पर्नेछ।

३२. प्रशिक्षार्थिको फाराम तथा अन्य समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

३३. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी वढिमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सक्नेछ।यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई गाउँपालिका खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गरिने छ।

३४. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा वढीमा १ वर्षको लागि हुनेछ आवश्यकता अनुसार म्याद थपघट हुनेछ।

३५. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्वन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ ।

३६.प्रशिक्षणमा सहभागी हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा गाउँपालिका खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ।

३७. प्रशिक्षकले आवश्यक सामानको सुची तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थिहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम प्रशिक्षण र प्रगती प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिन पर्नें छ।

३८. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ।

३९. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सुचना मिलेमा गाउँपालिका खेलकुद विकास समितिको निर्णयानुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिइनेछ।



CS CamScanner

४०. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत अनुसार गरिनेछ।

## परिच्छेद–९

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४१. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्वन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ।

४२. विशेष तरिकाले मर्मत गर्न सम्वन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार गाउँपालिका खेलकुद विकास समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ।

४३. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कवर्ड हल, खेल मैदान,ट्र्याक आदि) को व्यवस्था गर्न गाउँपालिका खेलकुद विकास समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्णय अधिकतम सहभागीताको आधारमा गर्नेछ।

## परिच्छेद –१०

## अनुशासनको कारवाही दण्ड सजाय र पुरस्कार

४४. **अनुशासनको कारवाहीः** खेलाडी प्रशिक्षक,प्रशिक्षार्थी,व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ। कसैले अनुशासन र आचारसंहिताको उल्लघंन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ। तर एक वर्षमा तिन पटक भन्दा वढी चेतावनी पाई सकेका खेलाडी,प्रशिक्षक व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँपालिका खेलकुद विकास समितिले निलम्वन गर्न सक्नेछ।

४५. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी र व्यवस्थापकलाई गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिका कार्यालयबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ।

## परिच्छेद –११

## विविध

४६. गाउँपालिकाले तोके बमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइनवोर्ड हुनेछ ।

४७. कार्यालय सम्वन्धि व्यवस्था गाउँपालिकाबाट गरिनेछ ।

४८. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित समिति अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष गर्नुपर्नेछ।

४९. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

५०. स्वीकृत वजेटको सिमाभित्र रही खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र वैठक भत्ता सम्वन्धमा निम्न अनुसार हुनेछ।

(क) गाउँपालिका खेलकुद विकास समितिको वैठक आवश्यकता अनुसार वस्नेछ। साथै महिनाको २ वटा वैठकको मात्र भत्ता उपलब्ध गराईने छ।

(ख) गाउँपालिका खेलकुद विकास समितिका सदस्यहरुलाई वैठक वस्दा वैठक भत्ता वापत प्रति व्यक्ति रु.१ हजार का दरले नियमानुसार कर कट्टा गरी उपलब्ध गराइने र गाउँपालिका खेलकुद विकास समिति सदस्यहरुलाई गाउँपालिकाको नियमानुसारको वैठकमा आउदा जाँदाको यातायात खर्च वापतको रकम उपलब्ध गराईने छ।

(ग) गाउँपालिकाको योजना तथा वडास्तरीय खेलकुद विकास समिति अनुगमन गर्न वा खेलकुद सम्वन्धि अन्य कार्यको लागि

गाउँपालिका अध्यक्षको स्वीकृतमा पाचौं तहको कर्मचारीले पाए सरह दैनिक भ्रमण भत्ता पाउने गरी अनुगमनमा खटाउन सक्नेछ।

५१. खारेजी र बचाउः

(१) यस कार्यविधिमा भएका व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा सम्बिन्धित कानुन बमोजिम नै हुनेछ।

(२) यो कार्यविधि संशोधन तथा खारेजी गाउँकार्यपालिकाले गर्न सक्नेछ।

प्रमाणिकरण मितिः २०८०।०८।२६

आज्ञाले,

हुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत